**मादी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम :**

**आदरणीय उपाध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु,**

१. यस सभाका सबै सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, लगायत सवै राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु लगायत सम्पूर्ण स्थानीय बासिन्दा, सञ्चारकर्मी पत्रकार, सुरक्षाकर्मी ज्यूहरुलाई मादी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित तेह्रौं गाउँसभामा मैले द्रोस्रो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै भाग्यमानी ठान्दै यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

२. यस अवसरमा नेपालको युगान्तकारी परिर्वतन र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका विभिन्न आन्दोलनमा आफ्नो जीवन समर्पण गर्नुहुने आदरणीय ज्ञात अज्ञात वीर शहिदहरुप्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. यस गरिमामय सभामा मादी वासी नागरिकहरुले पालिकाको विकासको बागडोर समाल्ने गरी निर्वाचित गराई सुम्पेको जिम्मेवारीलाई खेर जान नदिन र जतिसक्दो मादीमा विकास मूल फुटाउन प्रतिवद्ध रहेको कुरा स्मरण गराउँदछु ।

४. समृद्ध मादी निर्माण गर्ने अभियानमा मादी गाउँपालिकाको स्थापनादेखि पालिकाको विकास निर्माण तथा हितमा कार्य गर्नुहुने पूर्व जनप्रतिनिधि ज्यूहरु तथा विकास साझेदारहरु प्रति उहाँहरुले दिनुभएको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।साथै आगामी दिनमा समेत निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछु।

५. मादी गाउँपालिकाको विकासका निम्ति, नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुऱ्याउनुहुने उपाध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सवै राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण गाउँपालिका वासी आमा वुवा दाजुभाई तथा दिदीबहिनीहरु हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

६. हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय महत्वकासाथै कृषि उत्पादन र उत्पादकत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका हो । गाउँपालिकाको द्रुत विकासका लागि हाम्रा सामु पछाडि परेका वर्ग तथा समुदायलाई विकास मूल प्रवाहमा ल्याउने,

उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा स्थानीय रोजगारी विस्तार गरी गरिवी न्यूनीकरण गर्ने, कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गर्ने सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट पर्याप्त लाभ लिई सवै क्षेत्रसम्म टेवा पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै भू-क्षय नियन्त्रण, विपद् र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकास र विस्तार गर्न तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यको माध्यमवाट मध्यमस्तरको मानव विकासको अवस्थालाई सुधार गरी उच्च सक्षम व्यक्ति र गतिशील समाज निर्माण गर्ने, साथै "समृद्ध मादी र सुखी मादीबासी" गाउँपालिका बनाउने जस्ता थुप्रै चुनौतीहरु बाँकी रहेका छन् । तर पनि राष्ट्रले लिएका दीर्घकालीन लक्ष्यहरु सन् २०२६ मा अतिकम विकसितबाट विकसित मुलुकमा स्तरोन्नति हुने, वि.स.२०८७ सम्म दिगो विकासका लक्ष्य प्राप्त गर्ने साथै वि.स.२१०० मा समृद्धि हासिल गर्ने तर्फ यो नीति तथा कार्यक्रम परिलक्षित छ ।

७. मादीको विकास र समृद्धिका लागि नेपालको संविधानद्वारा प्रदत्त नागरिकका मौलिक हक अधिकारको प्रचलन र संरक्षण गर्दै संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट लागू भएका कानुनद्वारा निर्देशित काम, कर्तव्य र दायित्व पुरा गर्न हामी प्रतिवद्ध छौं । विकास निर्माणलाई दिगो बनाउन स-साना टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि हासिल नहुने प्रकृतिका कार्य नियन्त्रण गरी लामो समयसम्म प्रतिफल दिने र लागत साझेदारी जुट्न सक्ने योजना तथा कार्यक्रम तर्जुमामा अग्रसर हुने कुरा सबैमा स्मरण गराउन चाहन्छु ।

८. <u>अब, म आर्थिक वर्ष २०७९/०८० हालसम्मको संक्षिप्त समीक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु :</u>

<u>१.पूर्वाधार तथा भवन तर्फ :</u>

- विभिन्न वडामा ८ वटा सामुदायिक भवन निर्माण भएको छ ।

- काहुँखोला-सिक्लेस सडकको पहिलो खण्डको विजयपुर खोला देखि मेलबोटसम्मको १० किलोमिटर कालोपत्रे भइसकेको छ । भने दोस्रो खण्ड मेलबोटदेखि तप्राङ सम्मको १० किलोमिटर सडक कालोपत्रे गर्ने कार्यको लागि सडक स्तरोन्नति भएको छ ।
- गण्डकी प्रदेश सरकारबाट स्वीकृत रु. १ करोड बजेटबाट वडा नं. १ सिक्लेसमा शान्ति स्मारक पार्क निर्माण भएको छ ।
- विभिन्न ९ वटा सडक निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव (DPR) र १ वटा सडकको प्ररम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पारिएको छ ।
- याङ्जाकोट- तोगी- वार्चोक सडक निर्माण अन्तर्गत जोड्न बाँकी रहेको खण्डको सडक निर्माण कार्य गरी यस वर्षदेखि पालिकको उपल्लो भागलाई सडक सञ्जालमा जोड्ने गरी सडक तयार भएको छ ।
- ४ वटा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक स्टिल पार्टस खरिद निर्माण कार्य सम्पन्नको चरणमा रहेको छ ।
- नामार्जुङ र भाचोक स्वास्थ्य चौकीको पक्की भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- यस वर्षमा ६५६७ किलोमिटर सडक मर्मत, नयाँ ट्र्याक ८।०६ कि.मि. र ६५० मिटर ढलान भएको छ ।

**२. कानून निर्माण तर्फः**

- हालसम्म ९५ वटा ऐन, कार्यविधि, नियमावली तथा मापदण्ड पारित भएका छन् ।

**३. योजना नीति रणनीति तर्फ :**

- मादी गाउँपालिकाको दोस्रो आवधिक विकास योजना (२०७९/०८०-२०८३/०८४) तयार भएको छ ।
- मादी गाउँपालिकाको क्षमता विकास योजना तयार भएको छ ।
- योजना संचालन प्रणाली सञ्चालनको तयारीमा रहेको छ ।
- डिजिटल अपाङ्गता परिचयपत्र वितरण प्रणाली संचालनमा रहेको छ ।

## ४. आर्थिक विकास तर्फ :

- गाउँपालिकाको कृषि विकास शाखालाई  वडा नं. ४ को पहिलेको आधारभूत स्वास्थ सेवा केन्द्रबाट नियमित सञ्चालन हुने व्यवस्था मिलाईएको छ ।
- हाते ट्र्याक्टर, मौरी घार जस्ता कृषि औजार उपकरण कृषकलाई पचास प्रतिशत अनुदानमा वितरण गरी कृषि आधुनिकीकरणमा जोड दिइएको छ ।
- बाँदरले कृषि उत्पादनमा क्षति पुऱ्याएर दिएको दुःखलाई न्यूनीकरण गर्न बाँदर/ भालु नियन्त्रण सम्बन्धी कार्यक्रम अन्तर्गत बाँदर धपाउने बन्दुक हरेक वडामा टोलगत रुपले वितरण गरिएको छ ।
- वडा नं. ८ र हिमालयन कृषि सहकारी वडा नं. १२ को भगवतीटारमा आलु खेती लगाई कृषि उपजको प्रवर्दन गर्न दुवै स्थानमा कृषि मेला तथा महोत्सवको आयोजना गरिएको छ।
- गाउँपालिकाको पशु सेवा शाखाको सेवालाई प्रत्यक्ष रुपमा उपभोक्ता सामु पुऱ्याउने उद्देश्यले वडा नं. ८ र ११ मा पशु स्वास्थ्य शिविर संचालन गरिएको छ ।
- पालिका भित्रका बाख्रा, गाई, भैंसी, वंगुर, कुखुरा र पालिका भित्रका ४ वटा घुम्ती भेडिगोठहरुमा रहेका करिव १५ सय भेडा बाख्रालाई पि.पि.आर खोप तथा निः शुल्क नाम्ले, माटे, जुका, औषधी वितरण गरिएको छ ।

## ५. सामाजिक विकास :

### १. स्वास्थ्य तर्फ :

- जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति र सुत्केरीका लागि एकतर्फी एम्बुलेन्स सेवा निःशुल्क गरिएको छ ।
- गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका ८ प्रकारकार असाध्य रोगका विरामीहरुको उपचारको लागि अस्पतालसम्म जान आउन सहयोग स्वरुप प्रति व्यक्ति अधिकतम रु. २० हजार उपलब्ध गराउँदै आएकोमा यस वर्ष २२ जनाले लाभ लिएका छन्।
- कोभिड विरुद्धको खोप  ५ वर्ष भन्दा माथिका सबै नागरिकका लागि व्यवस्था गरिएको छ ।

- नेलम्बो नेपाल, आस्था हस्पिटल केयर एण्ड फाउण्डेशन, सि.वि.आर.एस. नेपाल, हिमालयन आँखा अस्पताल जस्ता सस्थाहरुको साझेदारीमा वडा नं. १, २, ३, ४, १० र १२ स्वास्थ्य शिविरको आयोजना गरी विशेषज्ञ सहितको स्वास्थ्य सेवाबाट १ हजार ५ सय ५८ जना सेवाग्राही लाभान्वित भएका छन् । साथै त्रिपुरेश्वर आँखा अस्पतालको प्राविधिक तथा मुटु फाउण्डेशन नेपालको आर्थिक सहयोगमा याङ्जाकोटमा भएको विशेषज्ञ सहितको आँखा शिविरमा ६२ जनाको निःशुल्क आँखाको अपरेशन गरिएको छ ।
- मादी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको छ ।
- बिपन्न नागरिकहरुको लागि नेपाल सरकारबाट प्राप्त हुने कडा ८ रोगको उपचार सहुलियतको लागि ३६ जना व्यक्ति लाई सिफारिस गरिएको छ ।
- पालिका सबै महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई झोला छाता र परिचयपत्र वितरण गरिएको छ ।
- मादी गाउँपालिकाको डिजिटल पारिवारिक स्वास्थ्य प्रोफाईल तयार गरी सार्वजनिकीकरण गरिएको छ ।
- कडा रोग क्यानसर,मृगौला फेल तथा स्पाईनल ईन्जुरी भएका ४८ जना बिरामी हरुको लगत संकलन गरी मासीक रु ५०००/- का दरले भत्ता उपलब्ध गराइएको छ ।

<u>२. शिक्षा तर्फ :</u>

- शैक्षिक सत्र २०७९ देखि कक्षा ६ देखि ८ सम्मका स्थानीय पाठ्पूस्तक निर्माण गरी सामुदायिक विद्यालयहरुमा पठनपाठन सुरु गरिएको छ ।
- शैक्षिक सत्र २०७९ को लागि कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने छात्राहरुको लागि सेनेटरी प्याड वितरण गरिएको छ ।
- विद्यालयहरुको आर्थिक वर्ष २०७८।०७९ को लेखापरीक्षण कार्य सम्पन्न भएको छ ।
- स्थानीय पाठ्यक्रमका आधारमा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाई गरी शैक्षिक सत्र २०८० बाट विद्यालयहरुमा पठनपाठन शूरु गरिएको छ ।

- गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण कक्षा ८ परीक्षा र कक्षा १-७ तथा ९ कक्षाको पालिका स्तरीय परीक्षा व्यवस्थित रुपमा सम्पन्न गरिएको छ ।
- शैक्षिक सत्र २०७९र २०८०मा गाउँपालिका स्तरीय शैक्षिक क्यालेण्डर ,शिक्षक पाठयोजना डायरी, गृहकार्य डायरी, विद्यार्थी मूल्याङ्कन डायरी छपाई गरी सबै विद्यार्थी तथा शिक्षकहरुलाई वितरण गरिएको छ ।,
- आर्थिक वर्ष २०७९/८० मा पालिका स्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ ।
- वडा स्तरीय युवा क्लबको गठन, गाउँपालिका स्तरीय युवाक्लब सञ्जाल गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रम संचालन भएको छ ।
- आर्थिक वर्ष २०७९/८० मा सामुदायिक विद्यालयहरुमा कार्यरत प्र.अ./ शिक्षक तथा लेखाका कर्मचारीहरुलाई लेखा व्यवस्थापन तालिम तथा ECD तालिम सम्पन्न भएको भएको छ ।

**<u>३. खानेपानी :</u>**

- वास प्लानअन्तर्गत GWT मार्फत विभिन्न खानेपानीका योजनाहरुको संचालनको लागि पहिलो चरणमा समुदाय स्तरको र दोस्रो चरणमा स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुलाई विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण सम्बन्धी तालिम संचालन भएको छ ।
- वास प्लानअन्तर्गत GWT मार्फत Wash MIS System Entry सम्बन्धी तालिम संचालन गरी वास योजना संचालनको लागि बजेट सुनिश्चितता सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन भएको छ ।
- मादी गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाई वञ्चित समुदाय तथा क्षेत्रमा GWT सेवाको सुनिश्चितताको लागि खानेपानी सरसफाई तथा स्वच्छता (Wash) योजना २०२३-२०३३ (फेब्रुअरी, २०२३) तयार गरिएको छ ।
- खानेपानी सरसफाई तथा विपद् तयारी कार्यक्रम (Resilient WASH & Emergency Preparedness Programme RWEPP) कार्यान्वयनको लागि गाउँपालिका र गोर्खा वेल्फेयर ट्रष्ट नेपाल बीच सम्झौता भएको छ ।

- मादी गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी, कास्कीको साझेदारीमा वडा नं. १० को मकैखोला र वडा नं. १२ को हाडिखोलामा खानेपानी योजना निर्माण कार्य सम्पन्न भएको छ ।
- खानेपानी वितरण प्रणाली सुधार गर्न वडाबाट प्राप्त मागको आधारमा वितरण गर्ने गरी खानेपानी पाईप खरिद गरिएको छ ।

<u>घ. वन वातावरण तथा विपद् व्यवस्थापन :</u>

- लम्तरीडाँडा धार्मिक पर्यटकीय मार्ग निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षण IEE गर्ने कार्य सम्पन्न भएको छ ।
- मनसुनजन्य तथा अन्य विपद् प्रभावित ७२ घर परिवारलाई राहत वितरण गरिएको छ भने आवास पुर्ननिर्माण गर्नुपर्ने पारिवारकोलाई आवास पुर्ननिर्माण गर्न जिल्ला प्रशासन कार्यालय सिफारिस गरिएको छ ।जस अन्तर्गत ८१ जना लाभग्राहीले पहिलो किस्ता बापतको रकम प्राप्त गरी आवास निर्माण कार्य भईरहेको छ ।

<u>ङ. सुशासन तथा संस्थागत विकास तर्फ :</u>

- चालु वर्षमा १ वटा गाउँसभा र १४ वटा कार्यपालिकाका बैठक सम्पन्न भएका छन् ।
- वडा सचिव तथा वडाका कर्मचारीहरुको लागि पहिलो चरणको क्षमता विकास तालिम सम्पन्न गरिएको छ
- चालु आ.व.मा तथ्यांक अध्यावधिक भएका ४४७१ जना लाभग्राहीलाई पहिलो, दोस्रो र तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता रु. १३ करोड ३ लाख ५५ हजार ८ सय ६ रुपैयाँ वितरण गरिएको छ।
- चालु आर्थिक वर्षको श्रावण देखि हालसम्म जन्म ८३२, मृत्यु १४५, विवाह दर्ता ४१०, सम्बन्ध बिच्छेद ८५, बसाई सराई आएको ४५, बसाई सराई गएको ९७ गरी जम्म १७४६ वटा घटना दर्ता भएका छन् ।
- अपाङ्गता परिचयपत्र वितरण अन्तर्गत क वर्ग ३६, ख वर्ग ५२, ग वर्ग १६ र घ वर्ग ३ वटा गरी जम्मा १०८ वटा परिचपत्र वितरण भएको छ ।
- उपाध्यक्षसँग महिला कार्यक्रम अन्तर्गत मानव अधिकार प्रवर्द्धन कार्यक्रम, लैंगिक हिंसा सम्बन्धी १६ दिने अभियान, हरितालिका तिजको शुभकामना आदान प्रदान कार्यक्रम, मेलमिलाप कर्ताहरुलाई न्यायिक समितिको काम

कर्तव्य र अधिकार सम्बन्धी एक दिने तालिम जस्ता कार्यक्रम सम्पन्न भएका छन् ।

- २०७९/०८० मा वेरोजगार सूचीमा सूचीकृत संख्या १५४ मध्ये ७४ जनाले १०० दिन बराबरको रोजगार प्राप्त गरेका छन् भने आउँदो आर्थिक वर्षको लागि १०९ जना वेरोजगार सूचीमा सूचीकृत भएका छन् ।
- श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत वेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई अभिमूखीकरण गरिएको छ ।
- सामी कार्यक्रम अन्तर्गत वडा नं. ३, ६, ८ र ९ मा वित्तीय साक्षरता कक्षा संचाल भई अन्तिम चरणमा रहेको छ । १२ वटै वडामा मनोसामाजिक परामर्श भईरहेको छ ।
- मेडपा अन्तर्गत स्तरोन्नति तर्फ वडा नं २ मा वुटिक तालिम र वडा नं १० मा सिलाईवुनाई सम्बन्धी एक महिने तालिम सम्पन्न भएको र नयाँ उद्यमी सृजना तर्फ वडा नं ३, ९ र १२ मौरीपालन तलिम संचालन गरीएको छ भने मौरी घार वितरणको चरणमा रहेको छ ।
- कोपिला नेपाल, GWT, CBRS नेपाल, नौलो घुम्ती, जस्ता गै.स.स.को साझेदारीमा पालिका भित्र क्षमता विकास, आयआर्जन तथा पूर्वाधार निर्माण सम्बन्धी योजना तथा कार्यक्रम संचालन भएका छन् ।

**आदरणीय उपाध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु,**

**अब, म मादी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

९. आर्थिक विकास : आर्थिक विकास क्षेत्रसंग सम्बन्धित रहेका दिगो विकासका लक्ष्य हासिल गर्न विभिन्न आर्थिक क्रियाकलाप संचालनमा जोड दिइने छ ।सबै प्रकारका गरिबीलाई न्यूनीकरण गर्न गरीब तथा जोखिममा रहेकाहरूलाई उल्लेख्य रूपमा समेट्ने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

१०. कृषि विकास तर्फ :

- **किसानसँग गाउँपालिका भन्ने** नाराका साथ गाउँपालिकालाई तरकारी उत्पादन, फलफूल उत्पादन, रैथाने बाली संरक्षण तथा उत्पादन र मौरीपालनको पकेट केन्द्रको रुपमा विकास गर्न, कृषि क्षेत्रलाई सबल बनाउन, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन बढाउन

उत्पादनमा आधारित अनुदानजस्ता जनमुखी प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने छ ।

- कृषिको प्रचुर सम्भावना रहेक वडा नं ४, ५, ६, ७, ८, ९, १०, ११ र १२ को कृषि उत्पादनलाई खेर जान नदिन यस गाउँपालिकाको पूर्वी भेग भगवतीटार र पश्चिम तर्फ तप्राङ्गमा शीत भण्डार निर्माण कार्य शूरु गरिने छ ।
- कृषिमा आधुनिकीकरण र यान्त्रिकरणबाट कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि क्षेत्रलाई व्यावसायिक बनाउन विभिन्न कृषि औजार उपकरण अनुदानमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- कृषक, कृषि समुह, सहकारीको सहकार्यमा एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय उत्पादनलाई उपभोक्तामैत्री बनाउन कृषि उत्पादनमा प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- कृषि उपज बजारीकरणका लागि पालिकास्तरमा रहेका कृषि उपज संकलन केन्द्रलाई थप व्यवस्थित बनाइने छ ।
- **स्थानीय परम्परागत सीपमा आधारित कृषि उपज (सिन्की, गुन्द्रुक राडी, भाङ्ग्रा, बख्खु आदि) को विविधीकरण सँगै मादीको अर्गानिक प्रोडक्टका रुपमा ब्राण्डिङ गरी बिक्री वितरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।**
- ब्यावसायिक कृषकहरुलाई प्रविधिमैत्री बनाई कृषि जन्य उपजको उत्पादन लागत घटाउन आवश्यक क्षमता विकास तालिमहरु संचालन गरिनेछ ।
- आधारभूत सर्वेक्षण मार्फत पालिकाको कृषि सम्बन्धी तथ्याङ्क संकलन गरिनेछ।
- लामो समयदेखि बाँझिएका जमिनलाई पुनः उपयोग गरी कृषिउत्पादनमा लगाउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- वास्तविक किसानको पहिचान गर्न किसान परिचयपत्र वितरण र किसान लक्षित कार्यक्रममा जोड दिइने छ ।
- दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक श्रोत तथा वातावरण संरक्षण बिच सन्तुलन कायम राख्ने नीति लिइने छ ।

- लागत साझेदारीमा साना सिंचाई कार्यक्रम संचालन गरी सिंचित भूमिको आकार वृद्धि गरिने छ । संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा ठूला योजना संचालनमा जोड दिइने छ ।
- स्थानीय स्तरको कृषि उत्पादनको लागि माटो परीक्षण, बालीको उत्पादन क्षमता जाँचको लागि बाली नमूना संकलन लगायत स्थलगत अध्ययन सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।
- व्यवसायिक कृषकलाई उत्प्रेरित गर्न उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्ने कार्यमा जोड दिइने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम मार्फत विभिन्न पकेट विकास कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिने छ ।
- संघीय बजेट अनुसार किसानलाई प्रदान हुने कृषिकर्जा प्रवाहमा सहजीकरण गरिने छ ।
- पालिकाको कृषिको सम्भाव्यता अध्ययन गरी उपयुक्त भौगोलिक क्षेत्रहरुको पहिचान सहित तरकारी, फलफूल तथा अन्य अन्न बालीका नयाँ जात लगाउन कृपकलाई प्रोत्साहन गरिनेछ।
- कृषि उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदानको कार्यक्रम संचालन गरिनेछ
- पालिका भित्र उत्पादन भएको कृषि उत्पादनलाई खेर जान नदिन तथा नजिकको बजार क्षेत्रमा विक्री वितरणको व्यवस्था मिलाउन <u>कृषि एम्बुलेन्स</u> खरिद तथा संचालनको आवश्यक व्यवस्था मिलाइने छ ।
- भूमि बैंक स्थापना गरी बाझो जग्गा गाउँपालिकाले लिजमा लिई वास्तवीक किसान लाई जग्गा लिजमा दिई उत्पादनशिल क्षेत्रमा लगानी केन्द्रित गर्ने नीति लिइने छ। साथै जग्गा चक्ला वन्दी गरी उत्पादन वृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- रसायनिक मलको आपूर्ति पूरा गर्नको लागि कोटा वृद्धि संगै अर्गानिक र कम्पोस्ट मल उत्पादनमा जोड दिने विषयहरुमा निरन्तर सहजीकरण गरिने छ ।
- गाउँपालिकाको उपल्लो भागमा अवस्थित खर्कहरुमा आलु तथा साग खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

११. <u>पशु सेवा तर्फ :</u>

- पशुपालन क्षेत्रलाई सबल बनाउन युवा जनशक्तिको भरपूर उपयोगमार्फत पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन हासिल गर्न पशु उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाइने छ ।
- युवा वर्गलाई पशुपालन क्षेत्रमा आकर्षित गराउन पालिकामा संचालित फार्महरु तथा साना कृषकको गोठहरुमा पालिएका पशुहरुको बीमा अनुदानको व्यवस्था गरिने छ ।
- पशुपालन क्षेत्रको व्यवसायीकरण,आधुनिकीकरण यान्त्रीकरण, विशिष्टीकरण गर्न ५० प्रतिशत लागत साझेदारीमा खोर निर्माण, चापकटर मेशिनमा अनुदान दिने व्यवस्था मिलाइने छ ।
- बाख्रा संकलन केन्द्र र चिलिङ्ग भ्याट स्थापना गर्न लागत साझेदारी गर्ने र कृषकको उत्पादन वजारीकरणको सुनिश्चिताको व्यवस्था मिलाइनेछ ।
- कृषि विकास रणनीति अनुगमन तथा समन्वय सम्भाव्यता कार्यक्रम अन्तर्गत कृषक दर्ता व्यवस्थापन, पशुपन्छी सम्बन्धी तथ्यांक संकलन तथा अध्यावधिक गरी गाउँपालिकाको प्रोफाइल तयार गर्ने कार्यको शुरुवात गरिनेछ ।
- पशुपन्छी विकास शाखाको भवनको पूर्वाधार सुधार तथा आधारभूत प्रयोगशालालाई थप व्यवस्थित गरिनुको साथै वडामा आवश्यक पर्ने प्राविधिक सामग्री र आधारभूत पशु औषधीको व्यवस्था मिलाइने छ ।
- पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि महामारी रोग नियन्त्रण, घाँस खेती विस्तार तथा बिउ वितरणका कार्यक्रम संचालन गरिने छ ।
- **गोठ देखि ओठ सम्म स्वच्छ स्वस्थ उत्पादन** गर्न जनचेतनामूलक तालिम, कृषक तालिम तथा अन्तरक्रिया गोष्ठी सेमिनारको व्यवस्था मिलाइने छ ।
- कृत्रिम गर्भाधानको साथै प्राकृतिक प्रजन्नका लागि उन्नत नश्लका राँगा, बोका अनुदानमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- स्वस्थ पशुपन्छी उत्पादनको लागि पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत निःशुल्क आन्तरिक तथा वाह्य परजीवीको औषधी वितरण, पशु स्वास्थ्य शिविर र घुम्ती गोठमा परजीवी नियन्त्रण कार्यक्रमहरु संचालन गरिने छ ।
- बाख्रास्रोत केन्द्र स्थापना तथा भैसी पकेटको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

- गोरु संरक्षण र कमजोर किसान संरक्षण अन्तर्गत हलगोरु पाल्ने कृषकलाई अनुदान दिनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- उत्पादनमा अनुदान अन्तर्गत दुध/ अण्डामा अनुदान तथा गाई, भैंसी, बाख्रा सुत्केरी पोषण भत्ता उपलब्ध गराइने छ ।

१२. <u>घरेलु तथा साना उद्योग रोजगार प्रवर्द्धन :</u>

- पालिकालाई स्थानीय उत्पादन तर्फ अग्रसर गराउन राडी पाखी, कम्बल, भाङ्ग्रा, सुइटर, झोला बनाउने तानहरुलाई आधुनिकीकरण गरी स्थानीय स्रोत, साधन, सीप एवम् प्रविधिको प्रयोगलाई बढावा दिई व्यावसायिक उत्पादन तर्फ अग्रसर गराउन साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका तथा अन्य सहयोगी संस्थासँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरिने छ ।
- "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालनमा गाउँपालिकाबाट समेत लागत साझेदारी गरी कार्यक्रमको दायरा विस्तार गरिने छ ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रतिस्पर्धामा छनौट भएका व्यवसाय, विकास सेवा प्रदायक संस्थाहरु मार्फत नयाँ उद्यमी सृजना, उद्यमीको सीप स्तरोन्नति, सम्भाव्य उत्पादनको उपादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि समूहमा प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- निजी क्षेत्रसँगको समन्वयमा स्थानीय स्तरमा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि मेला, प्रदर्शनी तथा अध्ययन, अवलोकन जस्ता कार्यक्रम संचालन गरिने छ ।
- घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, उपकरण प्रदान गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र ठूला उद्योग स्थापनाको लागि पालिकास्तरमा औद्योगिक ग्राम स्थापना गर्न क्षेत्र निर्धारणको लागि आवश्यक अध्ययन गरिने छ ।
- गरीब, वेरोजगार, विदेश पलायन र बसाईसराई निणन्त्रण गर्नको लागि एक घर एक व्यवसाय तथा साझेदारीमा युवा स्वरोजगार कार्यक्रम सञ्चालन आवश्यक कार्यविधि तर्जुमा गरी लागु गरिने छ ।

## १३. पर्यटन तथा संस्कृति

- मादी गाउँपालिकाको वडा नं १ को सिक्लेस, वडा नं २ को ताङ्तिङ र वडा नं.३ को याङ्जाकोटलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न थप अध्ययन गरिने छ ।
- मादीको गौरवको आयोजनाको रुपमा रहेको सिक्लेस-कोरी-मनाङसम्म जाने पदमार्गलाई शान्तिमार्गको रुपमा विकास गराउन संघीय सरकारसँग आवश्यक समन्वय गरी आयोजना संचालन गरिने छ ।
- लामाखेत- थाक- ताराहिल- कहुपुचे पर्यटन पदमार्ग निर्माण तथा सुधार सम्बन्धी कार्य शुरुवात गरिने छ ।
- मादी गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेका गन्तव्यहरुको पहिचान हुनेगरी पर्यटन प्रवर्द्धन सम्बन्धी पुस्तक प्रकाशन गरिने छ। साथै पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्न डकुमेन्ट्री तथा वृतचित्रलाई विभिन्न संचार माध्यमबाट प्रसारण गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- सार्वजनिक तथा पर्यटकीय गन्तव्यहरुमा संचालन भएका होटल, लज, चियापसल, लगायतका व्यवसाय लाई नियमन गरी व्यवस्थित गरिने छ ।
- संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको सहकार्यमा पर्यटकीय पदमार्ग, ताल, पोखरी, ऐतिहासिक स्थलहरु, मन्दिर, झरना, पार्कको निर्माण तथा विकासको लागि अध्ययन तथा पर्यटकीय गुरुयोजना तयार गरी दिगो पर्यटन विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- मादी गाउँपालिका भित्र अनुमति विना सञ्चालनमा रहेका होटल, रेष्टुरेन्ट होमस्टेको अनुगमन गरी अनिवार्य रुपमा अनुमति र करको दायरामा ल्याइने छ ।

## १४. सहकारी विकास :

- सहकारीलाई पूँजी निर्माणको महत्वपूर्ण माध्यमको रुपमा स्थापित गरी घरेलु तथा साना उद्योग स्थापना र विकासमा जोड दिइने छ ।
- सहकारीका पदाधिकारीहरुको क्षमता विकास गरी सहकारीहरुमा वित्तीय अनुशासन र सुशासनमा जोड दिइनेछ।
- सहकारी संस्थाहरुको विवरणहरु अद्यावधिक र व्यवस्थित गर्दै सहकारीको अनुगमन र नियमनको प्रभावकारी व्यवस्था गरिनेछ ।

- विभिन्न संघ संस्थाहरुसंग साझेदारीमा सहकारी प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ।
- सहकारी संस्थाहरुमा आवद्ध सदस्यहरुको निक्षेपको सुरक्षा, कर्जाको सदुपयोगमा जोड दिदैं यस क्षेत्रमा देखिएका विकृति र विसंगतिहरुलाई न्यूनीकरण गर्न सदस्यहरुका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली कोपोमिस (COPOMIS) कार्यक्रममा सवै संस्थाहरुलाई अनिवार्य रुपमा सहभागी गराइनेछ ।
- Social Synergy का रुपमा रहेको स्रोत श्रम साधन सीप र पूँजीको अधिकतम् परिचालन गरी करार खेती प्रति प्रोत्साहन गरिनेछ ।
- सहकारीको दिगोपना र विश्वसनियता वृद्धि हुनेगरी सहकारी सञ्चालनमा जोड दिइने छ ।
- सहकारीसंस्था मार्फत साझेदारीमा गरिवी निवारण, रोजगारी, कृषि तथा पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि हुने कार्यक्रमहरु तर्जुमा गरी लागु गरिने छ ।
- सहकारी प्रवर्द्धनको लागि आवश्यक प्रविधि हस्तान्तरण गरिने छ ।

१५. <u>सामाजिक विकास</u>

सामाजिक विकाससँग सम्बन्धित दिगो विकास लक्ष्यका अवधारणालाई आत्मसात गरी लैंगिक समानता कायम गर्न महिलालाई सशक्त बनाउन आय आर्जन, क्षमता विकासका कार्यक्रम तथा किशोरी, बालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति केन्द्रित जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

१६. <u>शिक्षा :</u>

- गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु लाई तोकिएको मापदण्डका आधारमा शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यालयहरुलाई चुस्त दुरुस्त बनाइने छ ।
- भौतिक पूर्वाधारको अभाव भएका विद्यालयहरुको पूर्वाधार निर्माण गर्न संघीय सरकारको राष्ट्रपति शैक्षिक सुधार सहित, प्रदेश, स्थानीय सरकार तथा अन्य साझेदार दातृनिकायसँगको साझेदारीमा कार्य अगाडि बढाइनेछ ।

- विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाइनुका साथै बालविकास केन्द्रलाई बालमैत्री बनाई सिकाई वातावरण व्यवस्थित गरिनेछ ।
- सबै विद्यालयहरुमा इन्टरनेट जडान गरी शिक्षण सिकाइमा प्रविधिको प्रयोगमा जोड दिई कम्प्युटर नभएका विद्यालयमा कम्प्युटरको व्यवस्था क्रमशः गर्दै लगिने छ ।
- विद्यालयमा स्वच्छ पिउने पानी, बालमैत्री शौचालय, नियमित सरसफाई, प्राथमिक उपचार कक्ष तथा घेरा बार जस्ता कुराको क्रमशः व्यवस्थापन गर्दै लगिनेछ ।
- मादी गाउँपालिकाको स्थानीय परिवेश अनुकूलको स्थानीय पाठ्यक्रम तयार भई सबै विद्यालयमा कार्यान्वयन भइरहेको छ, पाठ्यक्रमलाई समसामयिक पुनरावलोकन गरिनेछ साथै स्थानीय पाठ्यपूस्तक सबै विद्यार्थीहरुलाई निःशूल्क उपलब्ध गराइने छ ।
- गाउँपालिकाको शैक्षिक विकासलाई योजनावद्ध र व्यवस्थित बनाउनका लागि गाउँ शिक्षा योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको शैक्षिक गतिविधि र शैक्षिक योजनाहरुलाई प्रभावकारी कार्यान्वयनका लागि नियमित रुपमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक समितिका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक तथा शिक्षाप्रेमी र समाजसेवीहरुसँग अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीको चौतर्फी विकासका लागि विद्यालयहरुमा खेल सामग्री व्यवस्थापन तथा गाउँपालिका स्तरमा अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित रुपमा सञ्चालनको गरिनेछ ।
- दक्ष मानव पूँजी निर्माणका लागि पालिकाको पायक पर्ने तथा उपयुक्त स्थान छनौट गरी प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापनामा जोड दिइनेछ ।
- बालबालिकाको शिक्षाको जग मानिएको इसिडी तहमा कार्यरत बालविकास सहयोगी सहजकर्ताहरुलाई क्षमता विकास कार्यलाई निरन्तरता दिइनेछ ।

- पालिकास्तरीय आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा तथा सबै कक्षाका परीक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुमा रिक्त रहेका दरवन्दीमा तत्काल करार सेवामा शिक्षक तथा विद्यालय कर्मचारी छनौट गर्नका लागि पालिकाको विज्ञ रोष्टर सूचीको सहायता लिइनेछ ।
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई विद्यालय सुधार योजना सम्बन्धी क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाइने छ ।
- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र गुणस्तरीय बनाइने छ । गाउँमा उत्पादन अर्गानिक खाद्यान्नको खाजा बनाउन प्रोत्साहन गरिने छ ।साथै दिवा खाजा कार्यक्रममा थप अनुदानको व्यवस्था र आवश्यक सामग्री भाडाकुडा वितरणको व्यवस्था मिलाइने छ ।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रतिभा प्रस्फुटनका लागि विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुशासन कायम राख्न प्रधानाध्यापक,शिक्षक तथा लेखामा काम गर्ने कर्मचारीहरुलाई तालिम प्रदान गरिने छ।
- शैक्षिक प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन शिक्षा शाखा संग प्र.अ को कार्यसम्पादन सम्झौता गरी नियमन गर्ने कार्यमा जोड दिइने छ ।
- शैक्षिक गुणस्तर सुधारमा अग्रसर रहने र राम्रो नतिजा प्राप्त गर्ने विद्यालयका प्र.अ.,विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारी र विद्यालयलाई समेत उत्कृष्टताका आधारमा पुरस्कृत गरिनेछ ।
- गाउँपालिका स्तरीय विषयगत शिक्षक समूहको क्षमता अभिवृद्धि गरी विद्यालयको शैक्षिक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, शिक्षकहरुका लागि क्षमता विकास तथा सूचना प्रविधि तालिम सञ्चालन गरिनेछ ।
- गुणस्तरीय शिक्षाको खोजीमा शहर पलायन हुने प्रवृतिलाई न्यूनीकरण गर्न गाउँपालिका र प्रदेश सरकारसँगको साझेदारीमा मध्यपहाडी लोकमार्ग आसपास आवसीय विद्यालय स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

- विद्यालयमा बस सञ्चालन गर्न इच्छुक तथा न्यूनतम शैक्षिक सूचक पुरा भएका विद्यालयको लागि बस खरिद गरी संचालन गर्न प्रोत्साहन गर्न बस खरिदमा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइने छ ।
- एक मा.वि. एक उद्यम अर्थात पढ्दै कमाउदै कार्यक्रम कार्यन्वयन गर्न प्रत्येक हप्ताको शुक्रवार नो वुक नो व्याग अभियान संचालन गरी व्यवहारिक शिक्षा दिने कार्यमा जोड दिइने छ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा सञ्चालित उच्च मा.वि. (१०+२) मा अध्ययनरत सबै विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराइने छ ।

१७. **स्वास्थ्य :**

- नागरिकहरुको लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।साथै समुदायमा स्वास्थ्य तथा नर्सिङ घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- अति विपन्न तथा दलितहरुको सहज र सरल पहुँचको लागि स्वास्थ्य बीमामा अनुदान दिने व्यवस्था मिलाउने तथा थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।
- १५ शैयाको आधारभूत अस्पतालको सेवा सञ्चालनको लागि अत्याधुनिक उपकरण सहितको स्वास्थ्य सेवा शुरुवात गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई थप प्रोत्साहन गर्न गाउँपलिकाको तर्फबाट अर्धवार्षिक समीक्षा, प्राथमिक उपचार बक्स जस्ता कार्यक्रमबाट प्रोत्साहित गरिने छ ।
- स्वास्थ्य संस्थाका भवनको मर्मत सम्भार तथा रङरोगन कार्यमा निरन्तरता दिइने छ ।
- सबै स्वास्थ्य संस्थाहरुलाई सूचना मैत्री बनाउन इन्टरनेट, कम्प्युटर प्रिन्टरको व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई पेपरलेस गराउन संघ तथा प्रदेशसँगको साझेदारीमा EHIRRS कार्यक्रम सञ्चालन गरिनेछ ।
- मादी गाउँपालिकाको पारिवारिक स्वास्थ्य प्रोफाइल लाई अध्यावधिक गरी प्रयोगमा ल्याईने छ ।

- स्वास्थ्यकर्मीहरुको उच्च मनोवल बनाई राख्न क्षमता अभिवृद्धि सम्बन्धी विविध कार्यक्रम संचालन गरिने छ ।
- सरुवा रोग, किटजन्य रोग तथा महामारी नियन्त्रणका लागि पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिने छ ।
- नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गर्न निःशुल्क स्क्रिनिङका लागि स्वास्थ्य सामग्री स्वास्थ्यसंस्थाहरुमा उपलब्ध गराई आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।
- महिलाहरुको पाठेघरको मुखको क्यानसरको परीक्षण स्वास्थ संस्थाहरुबाट निःशुल्क गरिने व्यवस्था गरिने छ । साथै सेवा संचालन हुनसकेका स्वास्थ्य संस्थाहरुमा निःशुल्क बिसेषज्ञ सहितको स्वास्थ्य शिविर मार्फत परीक्षण सेवा सुनिश्चित गरिने छ
- कडा रोगका नागरिकहरुको लागि गाउँपालिकाको तर्फबाट आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- मादी गाउँपालिकाका स्वास्थ्य संस्था (वर्थिङ सेन्टर) मा सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु सुत्केरी हुन नसकी पोखराका स्वास्थ्य संस्थामा प्रेसण गर्नुपरेमा निजहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने आमा तथा बच्चाहरुको लागि प्रोत्साहन स्वरुप पोषण सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा आवश्यक औजार उपकरण, फर्निचर फिक्चर तथा औषधीको व्यवस्था मिलाइने छ ।
- स्वीकृत १५ शैयाको अस्पताल यथाशीघ्र निर्माण सम्पन्न गर्ने गरी कार्यान्वयन गरिने छ ।
- स्वास्थ्य क्षेत्रलाई मध्यनजर गरी एकीकृत घुम्ती शिविर सञ्चालन गरिने छ ।

- आयुर्वेद स्वास्थ तथा योग शिक्षामा जोड दिइने छ ।

१८. <u>महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक</u> :

- महिलाहरुको आर्थिक सशक्तीकरणको लागि उपाध्यक्षसँग महिला कार्यक्रम अन्तर्गत १२ वटै वडाका महिलाहरुका लागि सीपमूलक तालिम तथा आयआर्जन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहको व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिकाहरु आफ्नो हरेचाह आफैं गर्न नसक्ने व्यक्ति, आदिको तथ्यांक संकलन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिइने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित गर्न सम्बन्धित लाभग्राहीको खातामा आ.व. २०८०/०८१ देखि EFT मार्फत सामाजिक सुरक्षा भत्ता जम्मा हुने व्यवस्था मिलाइने छ ।
- महिला सशक्तीकरणमा जोड दिई बालविवाह न्यूनीकरण ,बाल श्रम न्यूनीकरण तथा दाइजो प्रथा जस्ता सामाजिक विकृति र विसंगतिलाई निरुत्साहित गरी महिला हिंसा शून्य गाउँपालिका बनाउन पहल गरिने छ ।
- न्यायिक समितिलाई प्राप्त अधिकार र न्यायिक समितिबाट सम्पादन गरिनेविवाद समाधान सम्बन्धी विषयको जानकारी बस्ती स्तरसम्म पुऱ्याउने कार्यलाई व्यवस्थित गरिने छ । साथै न्यायिक समिति तथा वडास्तरीय मेलमिलाप समितिमार्फत महिला हिसांका विवादलाई प्राथमिकतामा राखी छिटो न्याय दिने विषयलाई प्राथमिकता दिइने छ ।
- आपतकालीन बाल तथा महिला संरक्षण कोष स्थापनाको लागि बजेट व्यवस्था गरी आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तिमा सहज पहुँचका लागि गाउँपालिका भित्र निर्माण गरिने सार्वजनिक तथा सरकारी कार्यालयलाई क्रमशः अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- हिंडडुल तथा खानपान जस्ता क्रियाकलापमा अरुको सहारा लिनुपर्ने पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको स्याहार—सुसारमा खटिने सहयोगीलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ ।

- आमा र शिशुको पोषण अवस्था प्रवर्द्धन गर्नका निमित्त मातृ—शिशु (सुत्केरी) भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- महिलाहरुलाई आर्थिक रुपमा सशक्त बनाउन महिला बचत तथ ऋण सहाकारी संस्थाहरुको क्षमता विकास तथा संस्थागत विकास गरी महिलाहरुको आर्थिक सशक्तीकरणमा प्राथमिकता दिइने छ ।
- अर्थिक सामाजिक रुपले पछाडि परेको वर्ग जनजाति, दलित,द्धन्द पिडित ,शहिद परिवार तथा अपाङ्गता भएका समुदायको हितको लागि गाउँपालिका तथा वडामार्फत संचालन गरिने लक्षित कार्यक्रमलाई सीप मुलक र रोजगारमूलक बनाउन जोड दिइने छ ।
- बाल मैत्री स्थानीय शासन प्रर्द्धन कार्यक्रम संचालन गर्दै लगिने छ ।
- बालबालिकाको समग्र विकासको लागि वडा स्तरीय बाल क्लव, गाउँपालिका स्तरीय बाल सन्जाल गठन गरी बालबालिकाको हक हित,बाल अधिकार सम्बन्धी गतिविधिहरु संचालन गर्दै लगिने छ ।
- महिला माथि हुने हिंसा कम गर्न लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- महिलाहरुको प्रजनन् स्वास्थ्य जटिलतालाई न्यूनीकरण गर्न र महिलाहरुको आङ खस्ने समस्याको उपचार तथा रोकथाम गर्न महिलाहरुको पाठेरको स्कृनिङ, तथा प्रजनन् स्वास्थ्य शिविर संचालन निरन्तरता गर्दै लगिने छ ।
- किशोर किशोरीहरुको लागि लागु औषधी दुर्वयसन सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।
- अध्यक्षसँग विदुर कार्यक्रम अन्तर्गत (६० वर्षदेखि माथि ६८ वर्षसम्मका) विपन्न विदुरहरुको सामाजिक सुरक्षाको लागि मासिक भत्ता उपलब्ध गराउन कार्यविधि तर्जूमा गरी लागू गरिने छ ।

१९. <u>खानेपानी तथा सरसफाई :</u>

- दिगो विकास लक्ष्य र **<u>खानेपानी सरसफाई तथा स्वच्छता (WaSH) योजना २०२३-२०३३ (फेब्रुअरी, २०२३)</u>** अनुरुप सबै नागरिकका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्न पालिकाबासीलाई स्वच्छ र सफा खानेपानी आपूर्ति गराउन संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैह्रसरकारी संघ संस्थासँगको

समन्वय र साझेदारीमा <u>एक घर एक धारा</u> कार्यक्रमलाई निरन्तरतासंगै पूर्णता दिइने छ ।

- खानेपानी सरसफाई तथा विपद् तयारी कार्यक्रम (Resilient WASH & Emergency Preparedness Programme RWEPP) कार्यान्वयनलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्रका विद्युतीय लिफ्टिङ्ग खानेपानीको विद्युतको विल भुक्तानीको लागि अनुदान दिने व्यवस्था मिलाइने छ ।
- घरभित्रको फोहोर मैला व्यवस्थापन तथा टोल बस्ती सरसफाई कार्यक्रम संचालन गर्न टोल विकास समितिलाई परिचालन गरिने छ।

२०. <u>युवा तथा खेलकुद, कला र साहित्य</u> :

- किशोरकिशोरीहरुलाई कुलत, लागु पदार्थ ओसारपसार, दुर्वयसनी तथा एचआईभी एड्स जस्ता जोखिमहरुबाट टाढा राख्न जनचेतनामूलक प्रचार प्रचार कार्यक्रम संचालन गरिने छ । कुलतमा फसिसकेकाको लागि समाजमा पुनःस्थापना गर्न सम्वद्ध संस्थाहरुसँग लागत साझेदारी गरी उपयुक्त कार्यक्रममा सहकार्य गरिने छ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको लागि आवश्यक न्यूनतम ज्ञान सीप र व्यावहारको तालिम प्रदान गर्नका लागि पालिकाले गैरसरकारी संघ संस्थाहरु सँग सहकार्य गर्दै कार्यक्रमहरु संचालन गर्ने ।
- बेरोजगार युवालाई स्वरोजगार बनाउन आयआर्जन तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । साथै वैदेशिक रोजगारीबाट फर्केर स्वदेशमा नै केही गर्न चाहने युवा वर्गलाई प्रोत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- संघ र प्रदेश सरकार तथा जिल्ला स्थित अन्य स्थानीय तहसँगको समन्वय र सहकार्यमा वैदेशिक रोजगारमा जान चाहने व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मनोसामाजिक परामर्श सेवा, सीप विकास र विप्रेषणको आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- संघ र प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकास्तरीय खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

- खेलकुद, नवप्रवर्तन र उद्यमशीलताको विकासमार्फत युवाहरुलाई रचनात्मक कार्यहरुमा परिचालन गरिनेछ।
- खेल जगतको विकास तथा खेलकुदमार्फत अन्तरसम्बन्ध कायम गर्न खुल्ला अध्यक्षकप खेल कार्यक्रमको आयोजना गरिने छ ।
- मादी गाउँपालिकाको स्थानीय कला र संस्कृतिको संरक्षणको लागि मादी प्रज्ञा प्रतिष्ठानको स्थापना गरी आवश्यक कार्यक्रम संचालन गरिने छ ।

२१. <u>सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह</u> :

- गाउँपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउदै गाउँपालिकाबासीलाई सूचना, सेवा र अवसरमा विभेदरहित पहुँच अभिवृद्धि गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली (E-Governance) को नीति अबलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषणमार्फत संस्थागत सुशासन कायम गरिने छ ।
- गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण (Job Description) बनाई लागु गरिनेछ।
- मादी गाउँपालिकाको गुनासो सुनुवाई पद्दतिलाई प्रभावकारी बनाउँदै सुशासन प्रवर्द्धन गर्न Hotline' र गुनासो सुनुवाई कक्ष स्थापना गरी संचालनमा ल्याईनेछ ।
- गाउँपालिकाको संस्थागत स्व-मुल्यांकनका आधारमा राम्रा अभ्यासलाई निरन्तरता दिदै निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै प्रशासनिक कार्यको अनुभव आदान-प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ।
- कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही प्रतिस्पर्धी र उत्प्रेरित बनाउँदै समयसापेक्ष जनशक्ति तयार गरिनेछ ।
- लागत न्यूनीकरण, सोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गाउँपालिका तथा

नगरपालिकाहरुसंग लागत साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापन कार्यहरुको सुरुवात गरिनेछ ।

- गाउँपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि सबै विषयगत शाखामा साधन स्रोतयुक्त बनाउदै लगिने छ। साथै, संस्थागत स्मरण (Intuitional Memory) लाई थप बलियो पार्दै लगिनेछ ।
- गाउँपालिकाको समग्र प्रशासन सुधार तथा गतिशील प्रशासन संयन्त्र विकासका लागि नेपाल सरकारले जारी गरेका प्रशासन सुधार सम्बन्धी विभिन्न सुझाबहरु लगायत विश्व परिवेशमा विकसित नवीन प्रशासकीय आयामहरुलाई स्थानीयस्तरमा आन्तरिकीकरण गरी स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीति अवलम्बन गरिनेछ।
- सदाचार नीतिलाई प्रर्वद्धन गरिनेछ। भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ
- पालिकाभित्र संचालित विकास योजना, कार्यक्रमहरुको प्रभावकारिता एवं गुणस्तरीयताको लागि अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवस्थित गर्न अनुगमन मूल्यांकनको प्रगतिको बारेमा मासिक रुपमा कार्यपालिका बैठकमा समिक्षा गरिने व्यवस्था मिलाइने छ ।
- प्रत्येक महिनाको अन्त्यमा पत्रकार भेटघाट कार्यक्रम सहित मासिक प्रगति सार्वजनिक गरिने छ।
- गाउँपालिका, तथा अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहका सम्बन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइ जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ भने वडा स्तरमा समेत सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- पालिका र अन्तर्गतका निकायबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउन सुशासनका सबै औजारहरुको प्रयोग गरिनेछ ।
- कानुनी शासनको प्रणालीलाई स्थापित गर्नको लागि स्थानीय तहलाई प्रदत्त कानुन निर्माणको अधिकार क्षेत्रभित्र रही संघीय र प्रदेश कानुनसंगको तादम्यता मिलाई आवश्यक नीति, कानुन तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

- खरिद कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार पारी लागु गरिनेछ ।
- योजना तथा कार्यक्रम संचालन गर्दा प्रतिस्पर्धामार्फत गरिने व्यवस्थालाई जोड दिइने छ ।
- कर्मचारीलाई उत्प्रेरित गर्न कामको अनुभव आदान प्रदान गर्न गाउँपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीलाई प्रतेक २/२ वर्षमा सरुवा हुने व्यवस्था गरिने छ ।
- आन्तरिक आयका स्रोतहरुको संभाव्यता अध्ययन, राजश्वका दायरा विस्तार, राजस्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा गैह्र सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र संघ सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाइनेछ ।
- बजार अनुगमन निर्देशिका बमोजिम पालिका भित्रका व्यापार व्यवसाय दर्ता, नवीकरण र मूल्य सूची कायम गर्ने प्रणाली स्थापित गर्दै सवै प्रकारका व्यापार व्यवसायलाई करको दायरामा ल्याइनेछ ।
- आर्थिक सुशासन र पारदर्शिता कायम गर्न पेश्की तथा बेरुजुलाई निरुत्साहित गरिने छ ।
- गाउँपालिकाभित्र संचालनमा रहेका सरकारी एवं गैर सरकारी संघ संस्थाहरुलाई गै.स.स. परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम नियमन गर्ने व्यवस्था गरिनेछ ।
- प्राकृतिक स्रोत साधन, जडिवुटी, वनस्पति र जीवजन्तुको अध्ययन अनुसन्धान र पहिचानका लागि आवश्यक कार्यक्रम तय गरिनेछ ।
- मादी गाउँपालिका भित्र निर्माण भएका तथा निर्माणाधीन जलविद्युत् आयोजनाहरुले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्न र नियमानुसार पालिकालाई बुझाउनु पर्ने स्थानीय कर तोकिएको समय भित्रै बुझाउन तथा स्थानीयको लागि तोकिएको शेयर जारी गर्दा समग्र मादी गाउँपालिकालाई प्रभावित क्षेत्र मानी जारी गर्ने तथा पालिकामा कार्यरत कर्मचारीलाई स्थानीय सरह शेयरमा लगानी गर्न पाउने व्यवस्था सुनिश्चित गर्न पहल गरिने छ ।
- गाउँपालिकाको मोवाईल एप निर्माण गरी गाउँपालिकाले प्रदान गर्ने सेवाको बारेमा नागरिकलाई जानकारी गराउँदै पारदर्शिता प्रवर्द्धन गरिनेछ ।

- नागरिक वडापत्रलाई व्यवस्थित गरी मोवाइल एपमा लिंक गर्ने व्यवस्था मिलाइनेछ । पालिका तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइने छ ।
- हरेक विषयगत शाखा र वडा कार्यालयको कार्य प्रगति विवरण हरेक कार्यपालिका बैठकमा पेश गरी समीक्षा गरिने छ ।
- जनतासँग प्रत्यक्ष सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा वृद्धि गरी कार्य सम्पादनलाई प्रभावकारी बनाइने छ ।
- मादी गाउँपालिका भित्रका गरिव, बेरोजगार जोखिममा रहेका, वैदेशिक रोजगारीबाट फर्केका, अभिभावक विहीन, अनाथ बालबालिका, फरक क्षमता भएका व्यक्ति, एकल महिला तथा पुरुष, जेष्ठ नागरिक लगायतका व्यक्तिहरुको डिजिटल तथ्यांक संकलन गरी विद्युतीय अभिलेख तयार गरिनेछ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गरिनेछ।
- मानवअधिकारसंग सम्बन्धित सरोकारवाला, संघ संस्था संग समन्वय र सहकार्य गरी मानवअधिकार मैत्री कार्यक्रम संचालन गरिने छ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।
- प्रत्येक वर्ष उपभोक्ता समिति र टोल विकास संस्था मध्येबाट उत्कृष्ट छनौट गरी सम्मान गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाबाट अन्यन्त्र बसाईसराई गरी गएका पुनः गाउँपालिका फर्की बसोवास गर्न चाहाने नागरिकहरुको लागि आवास निर्माणमा अनुदान दिने व्यवस्था मिलाइने छ ।

२२. <u>पूर्वाधार विकास :</u>

- संघीय सरकार र प्रदेश सरकारबाट संचालित सडक, सडक पुल, सिंचाई आयोजना, भवनलाई तोकिएको समयभित्र नै सम्पन्न गर्नको लागि आवश्यक समन्वय र सहजीकरण गरिने छ ।
- संघीय सरकार, प्रदेश सरकार तथा दातृ संस्थामार्फत संचालन हुने योजना तथा कार्यक्रममा कानुन बमोजिम लागत साझेदारी गरिने छ ।
- गाउँपालिका भित्र निर्माण हुने सबै संरचनाहरुलाई भवन निर्माण मापदण्ड अनुसार निर्माण गर्न घर नक्सा शाखा तथा वडा कार्यालयमा मार्फत विभिन्न

कार्यक्रमहरु संचालन गरिने छ । तोकिएको मापदण्ड अनुसार काम भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिने छ ।

- वडाभित्रका सानातिना भौतिक पूर्वाधार निर्माणका कार्यहरु वडास्तरबाट नै संचालन गरिने छ । गाउँपालिकाभित्र रहेका सार्वजनिक यातायातका साधन संचालन हुने ग्रामीण सडकको स्तरोन्नति गर्न ठोस निर्माण कार्यको थालनी गरिने छ ।
- मादी गाउँपालिकाबाट खुला बोलपत्र प्रकृयामार्फत संचालन हुने योजनको बोलपत्र सूचना प्रत्येक आ.व.को पहिलो त्रैमासिक भित्र प्रकाशन गरी सक्ने व्यवस्था मिलाइने छ।
- गाउँपालिकाबाट र स्थानीय उपभोक्ताको लागत साझेदारीमा पूर्वाधार निर्माणका योजनाहरु संचालनमा जोड दिइने छ।
- उपभोक्ताको सहभागिता नहुने तथा स्थानीय स्तरमा रोजगारी सिर्जना नहुने प्रकृतिका सबै योजनाहरु र दश लाखभन्दा बढी लागत भएका प्राविधिक रुपमा जटिल प्रकारका निर्माण कार्यलाई टेण्डर (खुला बोलपत्र) को माध्यमबाट अगाडि बढाइनेछ ।
- दिगो विकासलाई ध्यान दिँदै संचालनमा आएका सडकहरूको स्तरोन्नतिको लागि पक्की संरचनाहरु ढलान, पिच, सोलिङ, ग्राभेल, पक्की नाला, ह्युम पाइप र ग्याविनको प्रयोगमा जोड दिइने छ ।
- मादी गाउँपालिका भित्रका सबै वडाहरुमा अप्टिकल फाइवर सहितको इन्टरनेट सुविधा उपलब्ध गराउन ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय गरिनेछ ।
- यस गाउँपालिकामा मोबाइलको नेटवर्क नपुगेका ठाउँमा नेपाल टेलिकमसँग समन्वय गरी सञ्चार टावर निर्माणको लागि पहल गरिनेछ ।
- विद्युत विस्तारको लागि प्रयोग भएका नाङ्गो तारहरु विस्थापित गरी कालो तार राख्न र काठेपोल विस्थापन गर्न विद्युत् प्राधिकरणसँग समन्वय गरी आवश्यक कार्य अगाडि बढाइने छ । साथै प्रदेश सरकार र विद्युत् प्राधिकरणको समन्वयमा विद्युत् आर्पूति सुधार सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

- नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र रहेको मठ, मन्दिर सार्वजनिक शौचालय लगायतका सार्वजनिक स्थलहरुमा सौर्य बत्ती जडान गरिनेछ ।

२३. <u>वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :</u>

- विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा नियमित रुपमा रकम जम्मा गर्ने तथा पदाधिकारीहरुको एक महिनाको सुविधा तथा कर्मचारीहरुको तर्फबाट कम्तीमा एक पाँच दिनको सुविधा कट्टा गरी जम्मा गर्ने व्यवस्था मिलाइने छ ।
- पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई वन संरक्षण सम्बन्धी तालिमको व्यवस्था गरिने छ र चोरी शिकारी, वन डडेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- नदीले क्षयीकरण गरेको स्थानहरुको स्थलगत निरीक्षण गरी तटवन्धनमार्फत नदी नियन्त्रण तथा नदीको क्षयीकरणबाट हुने क्षतिलाई न्यूनीकरण गर्न पहल गरिने छ ।
- हरेक टोल बस्ती र विद्यालय तथा अन्य क्षेत्रबाट उत्पन्न हुने सबैखाले फोहोरमैलाको वर्गीकरणको लागि अभिमुखीकरण तालिम दिइने छ ।
- फोहोरमैला संकलन, व्यवस्स्थापन तथा ल्याण्ड फिल्डसाईड निर्माणको लागि जग्गा प्राप्ति गरी फोहोर संकलन तथा व्यवस्थापन सम्बन्धी कर्यको लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।
- भू—क्षय नियन्त्रण, नदी कटान नियन्त्रणको लागि भू—संरक्षण सम्बन्धी कार्य योजना तयार पारी लागु गरिनेछ ।
- विपद् जोखिम उच्च भएको क्षेत्रको पहिचान गरी रेडक्रस सोसाईटी तथा अन्य वातावरणको क्षेत्रमा काम गर्ने संस्थामार्फत विपद् जोखिम नक्सांकन गरिने छ ।
- सामुदायिक प्रहरी एवं प्रहरीसँगको समन्वयमा विपद् राहात उद्दार टोली गठन गरी विपद् व्यवस्थापन राहत तथा उद्दारमा परिचालन गरिने छ ।
- विपद् जोखिम तथा महामारी नियन्त्रणको लागि समयानुकूल पालिकाको विपद् प्रतिकार्य योजना परिर्माजन गर्दै लैजाने व्यवस्था मिलाइने छ ।
- संघ प्रदेश सरकारसँगको सहकार्यमा भू-क्षय नियन्त्रण, ताल तथा पोखरी संरक्षण र नदी संरक्षण परियोजना लागु गर्न पहल गरिनेछ ।

- तप्राङ्ग वन्यजन्तु पार्क निर्माणका लागि संघीय सरकार र प्रदेश सरकार संग अवश्यक समन्वय र सहयोग गरिनेछ ।

२४. <u>राजश्व क्षमता वृद्धि तर्फ :</u>

- नदीजन्य पदार्थ उत्खनन् व्यवस्थापन, निजी जग्गा उत्खनन् व्यवस्थापन, खानीजन्य पदार्थ उत्खनन् व्यवस्थापन, चोरी निकासी नियन्त्रण गर्न नयाँ कर, राजश्वको दायरा विस्तार चुहावट नियन्त्रण, राजश्व सम्भाव्यता अध्ययन, जलवायु परिवर्तनीय असरको क्षतिपूर्ति माग, वन रोयल्टी, पर्वतारोहण रोयल्टी, विद्युत् रोयल्टी वृद्धिमा जोड दिई अधिकतम स्रोत वृद्धिमा जोड दिइने छ ।

**आदरणीय उपाध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु,**

२५. अन्त्यमा, मादी गाउँपालिका वासीको जनअपेक्षा अनुसार विकासका चाहना पूरा गर्न नागरिक र स्थानीय सरकार बिचको सम्बन्ध सुमधुर बनाउन अत्याधुनिक प्रविधिको प्रयोग गरी मादीलाई समृद्ध मादी बनाउने अभियानमा हामी सबै प्रतिवद्ध छौं । मादी गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका क्रममा रचनात्मक सुझाव दिई सहयोग पुऱ्याउनुहुने राजनीतिज्ञ, वौद्धिक वर्ग, समाजसेवी, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखहरु लगायत गाउँपालिकाका कर्मचारीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकासका साझेदारहरु संघीय तथा प्रदेश माननीयज्यूहरु तथा गाउँपालिकाका कर्मचारी, आम स्थानीय नागरिक, राजनीतिज्ञ, वौद्धिक वर्ग, समाजसेवीहरु सबैमा हार्दिक अपिल गर्दछु ।

देविजङ्ग गुरुङ

अध्यक्ष

२०८० असार ७ गते बिहीबार

**जय मादी !**